# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

फोन नं. ०५६-४१३१३६
Email: kalikanagarpalika@gmail.com


प.स.२०७९।०८०
च.नं. 92 २४६

मिति २०७९।११।०५

विषय :- अर्धवार्षिक समीक्षा कार्यक्रम सम्वन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ ।

प्रस्तुत विषयमामा यस कालिका नगरपालिकाको चालु आ.व. २०७९।८० को अर्धवार्षिक समीक्षा कार्यक्रम मिति २०७९।११।०४ गते यस नगरपालिकामा रहेका विभिन्न शाखाहरु तथा सवै वडा कार्यालयहरुवाट संपादित कार्यहरुको प्रगती समीक्षा कार्यक्रम सन्चालन भएको सो कार्यक्रमको प्रतिवेदन यसै पत्र साथ संलग्न राखि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

शिवप्रसाद पोखरेल
योजना शाखा प्रमुख

वोधार्थ,
श्री जिल्ला समन्वय समितिको कार्यालय भरतपुर, चितवन ।
श्री सुचना प्रविधी शाखा :- पत्राचार गरी दिनु हुन ।

कालिका नगरपालिका कार्यालय
चितवन
दर्ता नं.: ६...
मिति: २०७९।११।०५

मिति २०७९।११।०५

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू
कालिका नगरपालिका रेडक्रसग्राम, चितवन ।

विषय :- प्रतिवेदन संवन्धमा ।

उपरोक्त सम्वन्धमा यस कालिका नगरपालिकाको चालु आर्थिक वर्ष २०७९।०८० को अर्धवार्षिक प्रगती समीक्षा गोष्ठी यस नगरपालिकाका नगरप्रमुख श्री विनोद रेग्मीको अध्यक्षतामा मिति २०७९।११।०४ गतेका दिन यस नगरपालिका वडा नं. २ मा रहेको महिला सन्जाल भवनमा सुभारम्भ गरी सम्पन्न भयो । आर्थिक वर्ष २०७९।०८० को अर्धवार्षिक प्रगती समीक्षा गोष्ठी मिति २०७९।११।०४ गते विहान ८.०० वजेवाट शुरु भएको उक्त समीक्षा गोष्ठीको अध्यक्षता नगर प्रमुख श्री विनोद रेग्मीले गर्नु भएको थियो । सो कार्यक्रमको संचालन योजना शाखा प्रमुख श्री शिव प्रसाद पोखरेलले गर्नु भएको थियो । उक्त कार्यक्रममा यस नगरपालिकाका उप प्रमुख श्री विमला तामाङ, प्रमुख प्रशासकिय अधिकृत श्री केशव प्रसाद उपाध्याय, वडा अध्यक्षहरु श्री सन्त विर स्याङतान, श्री लक्ष्मण पौडेल, श्री विरेन्द्र तामाङ, श्री मकरमान श्रेष्ठ, श्री दिपक वहादुर भट्टराई, श्री टिकाराम रेग्मी, श्री कमलराज मुक्तान, श्री चित्रवहादुर मगर, श्री निलकण्ठ मगर, श्री नरजंग प्रजा, श्री कृष्ण वहादुर प्रजा कार्यपालिका सदस्यहरु श्री दिपक सि परियार, श्री शान्ती महतो, श्री सरस्वती खत्री, श्री फाराम कुमारी ढकाल, श्री ज्योती सुना,र श्री धनमाया प्रजा उपस्थिती रहेको थियो । सो कार्यक्रममा यस नगरपालिकाका सवै शाखा प्रमखहरु, सवै वडा सचिवहरु, अन्य कर्मचारीहरुको समेत उपस्थितीमा उक्त कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रमको उद्घाटन नगर प्रमख श्री विनोद रेग्मीले कार्यक्रमको व्यानर पढेर उद्घाटन गरी शुभकाना मन्तव्य समेत नगर प्रमुख ज्युले गर्नु भएको थियो ।

अर्धवार्षिक प्रगती समीक्षा गोष्ठीमा नगरपालिकाका प्राय सवै शाखाका शाखा प्रमुखहरुले आ आफनो शाखावाट चालु आर्थिक वर्ष २०७९।०८० श्रावण देखि पौष महिनासम्ममा सम्पादन गरिएका वजेट तथा योजना कार्यक्रमहरुको सम्छीप्त प्रस्तुती राख्नु भएको थियो । सो कार्यक्रममा सवै शाखा प्रमुखहरुलाई १० मीनेटमा आफ्नो शाखाको अर्धवार्षिक प्रगती प्रस्तुत गर्नका लागि समय दिएको थियो ।भने ५ शाखा प्रमुखहरुले पेश गर्नु भएको प्रगती प्रतिवेदन उपर प्रमुख प्रशासकीय अधिकृत तथा जनप्रतिनिधीहरुले टिप्पणी गर्नु भएको थियो । सो कार्यक्रममा यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९।०८० को श्रावण देखि पौष महिनासम्ममा वास्तविक आम्दान / आयको अवस्था निम्नानुसार भएको आर्थिक प्रशासन शाखावाट विवरण पेश हुन आएको थियो ।

**वार्षिक वजेट तथा खर्चको अवस्था**

| सि.नं. | विवरण | वार्षिक वजेट | खर्च वजेट | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालु | ४१,८६,६९,०००.०० | १७,३७,३५,६०७.९५ | ४१.५०% | |
| २ | पुजिंगत | ५०,२०,२३,०००.०० | ७,०५,६९,२९९.२२ | १४.०६% | |
| | | ९२,०६,९२,०००.०० | २४,४३,०४,९०७.१७ | २६.५३% | |

**निकाशा तथा राजश्वको अवस्था**

| सि.नं. | विवरण | वार्षिक वजेट | कैफियत |
| --- | --- | --- | --- |
| १ | **संघीय सरकार अनुदान** | २१,०८,७४,०००.०० | |
| २ | **वागमती प्रदेश सरकार अनुदान** | १,७२,२७,२५०.०० | |
| ३ | **राजश्व वांडफाँड** | ५,८९,६६,०४३.९९ | |
| ४ | **गत वर्षको अ.ल्या. तथा आन्तरिक श्रोत** | १२,२०,३१,७१८.६९ | |
| ५ | **जनसहभागिता वापत** | ४,२६,९५०.०० | |
| | **जम्मा** | ४०,९५,२५,९६२.६८ | |

अर्धवार्षिक समीक्षा कार्यक्रममा नगरपालिकाको समग्र अर्धवार्षिक प्रगती विवरण योजना तथा अनुगमन शाखा प्रमुख श्री शिवप्रसाद पोखेरलले गर्नु भएको थियो भने उक्त समीक्षा गोष्ठीमा शिक्षा शाखा प्रमुख श्री खेमनन्द भुषाल, कृषि शाखा प्रमुख श्री शिवराज पौडेल, आर्थिक प्रशासन शाखा प्रमुख श्री ऋषिप्रसाद कडुवाल, स्वास्थ्य शाखा प्रमुख श्री दिप भण्डारी, पशु पंक्षी शाखा प्रमुख श्री ईश्वरी प्रसाद पौडेल, आर्थि विकास शाखा प्रमुख श्री प्रकाश चन्द्र पौडेल, प्रशासन शाखा प्रमुख श्री रामप्रसाद अधिकारी, पूर्वाधार शाखा प्रमुख श्री राजेश कोईराला भवन तथा वस्ती विकास शाखाको श्री सिलु कुमाल, महिला तथा वालिका शाखा प्रमुख नानीमाया पौडेल रोजगार संयोजक श्री सुदर्शन रिजालले आफ्नो शाखावाट भएको प्रगती विवरण प्रस्तुत गर्नु भएको थियो । सो कार्यक्रममा दिंउसो २.०० देखि २.३० वजे सम्म खाजा नास्ताको समय छुट्याइए अनुसार सो समयमा खाजा खाने काम भएको थियो । खाजा पश्चात २.३० वजे पछि यस नगरपालिकाका १ देखि ११ नं. वडा का वडा सचिवहरुले आआफ्नो वडावाट भएको समग्र प्रगती विवरण पेश गर्न लगाइएकोमा सवै वडा सचिवहरुले आफ्नो वडामा आर्थिक वर्ष २०७९।०८० को श्रावण देखि पौष महिना सम्ममा भए गरेका गतिविधीहरुको वारेमा प्रस्तुती गर्नका लागि लगाइएको थियो सो अनुसार सवै वडा सचिवहरुले आफ्नो वडामा योजना संचालनको अवस्था, राजश्व संकलनको अवस्था, पन्जिकरण, सामाजिक सुरक्षा, सिफारिसको अवस्था जस्ता महत्व पूर्ण विषयको प्रगती प्रस्तुत गर्नु भएको थियो । त्यस पछि समिक्षा कार्यक्रममा देखिएका सवालहरु समीक्षात्मक मन्तव्य वडा नं. २ का वडा अध्यक्ष श्री लक्ष्मण पौडेल , प्रमुख प्रशासकिय अधिकृत श्री केशव प्रसाद उपाध्यायले आ आफ्नो समीक्षात्मक मनतव्य राख्नु भएको थियो । कार्यक्रमको अन्त्यमा कार्यमको अध्यक्षता गरिरहनु भएका नगर प्रमुख श्री विनोद रेग्मीले समीक्षा कार्यक्रममा उठेका सवालहरुको जवाफ दिदै सवै शाखा प्रमुखहरुले चालु आर्थिक वर्षमा विनियोजन गरिएको वजेट तथा कार्यक्रमहरुको कार्य तालिका वनाइ समयमा नै योजना तथा कार्यक्रम सम्पन्न गर्नका लागि आज देखिनै लाग्न सुझाउनु भएको थियो भने कार्यक्रम संचालन गर्दा आइ पर्ने समस्याहरुलाइ समयमानै सम्वोधन गर्न आफु जुन सुकै समयमा पनि संगै रहने कुरा वताउदै उक्त कार्यक्रम वेलुका करीव ५ वजे नगर प्रमुख श्री विनोद रेग्मी ज्यूले समापन तथा समीक्षात्मक अन्य समसामयीक विषयमा मनतव्य राखी चालु आर्थिक वर्ष २०७९।०८० को अर्धवार्षिक प्रगती समीक्षा गोष्ठीको समापन गर्नु भएको थियो ।

प्रतिवेदक

शिवप्रसाद पोखरेल

योजना तथा अनुगमन शाखा प्रमुख


नमस्कार

# जम्मा वजेट

- चालु तर्फ रु ४१,८६,६९,०००.००
- पुंजिगत तर्फ रु ५०,२०,२३,०००.००
- जम्मा वजेट रु ९२,०६,९२,०००.००

# आयको अवस्था

- संघीय सरकार बाट रु २१,०८,७४,०००.००
- प्रदेश सरकार बाट रु १,७२,२७,२५०.००
- राजस्व बाडफाड रु ५,८९,६६,०४३.९९
- अन्तरिक श्रोत गतको जिम्मेवारी समेत रु १२,२०,३१,७१८.६९
- जनसहभागीता रु ४,२६,९५०.००

जम्मा आम्दानी रु ४०,९५,२५,९६२.६८

# व्यय

| शिर्षक | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | ४१,८६,६९,०००.०० | १७,३७,३५,६०७.९५ | ४१.५ |
| पुंजिगत | ५०,२०,२३,०००.०० | ७,०५,६९,२९९.२२ | १४.०६ |
| जम्मा | ९२,०६,९२,०००.०० | २४,४३,०४,९०७.१७ | २६.५३ |

# क्षेत्रगत खर्चको स्थिति

| क्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ६,६४,१६,०००.०० | १,१६,८९,७६०.६७ | १७.६ |
| सामाजिक विकास | २९,४२,७१,०००.०० | १२,५२,०७,१९०.५९ | ४२.५५ |
| पूर्वाधार विकास | ४०,०५,७३,०००.०० | ५,५२,३६,६४४.८० | १३.७९ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३,७२,२७,०००.०० | ६६,९६,३७५.०० | १७.९८ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १२,२२,०५,०००.०० | ४,५४,७४,९३६.११ | ३७.२१ |
| जम्मा | ९२,०६,९२,०००.०० | २४,४३,०४,९०७.१७ | २६.५३ |

# मुख्य मुख्य कार्य

- लेखा समिति को वैठक बसेको संख्या ८
- वित्तीय सुशासन जोखिम मूल्यांकन तथा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धी कार्य
- लेखापरिक्षण सम्पन्न भएको
- वेरुजु फर्छौटको विशेष टाक्स बनाइ कार्य गरिएको ।
- वेरुजु फर्छौट को लागी रु १२७००९३९७.६२ पेशगरीएको प्रतिवेदन प्राप्त हुन बाकी ।